मिति :- २०८२/०२/१८ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ४८ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

**मिति २०८२/०२/१८ गतेको नगर कार्यपालिकाको ४८ औं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना संशोधन गरी सिफारिस गर्ने सम्बन्धी प्रस्ताव | यसअघि चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुनेगरी मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमका लागि योजना छनोट गरी पठाएकोमा कार्यविधिको कार्यक्षेत्रभित्र नपरेको भनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२ जेठ १४ गतेको आयोजना परिमार्जन गरी पठाउने सम्बन्धी सूचनाबमोजिम **अनुसूची- १** मा उल्लेखित आयोजनाहरू संशोधन गरी छनोटका लागि सिफारिस गर्ने। | |
| ४ | योजना छनोट तथा प्राथमिकताक्रम निर्धारण सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना तथा बजेट तर्जुमाका लागि स्थानीय तहको बजेट दिग्दर्शनले निर्देशन गरेबमोजिम वस्ती तथा वडास्तरमा योजना छनोट तथा प्राथमिकीकरण गरी निर्धारित समयभित्र सबै वडा कार्यालयहरूले बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरी पठाउन सूचना दिने। | |
| ५ | चौरजहारी नगरपालिकाको शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका क्षेत्रभित्रको विद्यालय शिक्षालाई व्यवस्थित र योजनावद्ध बनाइ अपेक्षाकृत विकासका लागि निर्माण गरिएको 'चौरजहारी नगरपालिकाको आवधिक नगर शिक्षा योजना (२०८१-२०९०)' स्वीकृत गरी कार्यान्वयन गर्ने। | |
| ६ | स्थानीय पाठ्यक्रम परिमार्जन स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम 'हाम्रो चौरजहारी' २०७७ को पहिलो संशोधन र परिमार्जन, २०८२ का लागि सरोकारवाला र विज्ञहरूसँगको छलफल, सुझावपछि तयार गरेको मस्यौदालाई स्वीकृत गरी शैक्षिक सत्र २०८२ बाट कार्यान्वयन गर्ने। | |
| ७ | पूर्ण खोप सुनिश्चित स्थानीय तह प्रमाणिकरण सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका पूर्ण खोपयुक्त नगरपालिका घोषणा भइसकेको र त्यसको दिगोपनको सुनिश्चितताको | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | लागि हरेक वर्ष खोपको अवस्था विश्लेषण गरी पूर्ण खोप सुनिश्चित स्थानीय तह प्रमाणिकरणको लागि जिल्ला खोप समन्वय समिति रुकुम (पश्चिम भाग) लाई सिफारिस गर्ने । | |
| ८ | ठेक्काको म्याद थप सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको आयोजना जोडने मुख्य सडकमा निर्माणको काम भइरहेको, स्थानीय, सङ्घ र प्रदेश निर्वाचन, कोभिड लगायतका कारणले निर्धारित समयमै काम सम्पन्न गर्न नसकिएकोले म्याद थपका लागि २०८१ असार २ गते बोलपत्रदाता BKOI-Jaya Bageshowati Mata J/V Bhaktapur ले दिएको निवेदन र मालिका पर्यटन पूर्वाधार विकास तथा पदमार्ग निर्माण योजनाको समयमा बजेट निकासा नभएको, रुख कटानको विवादले सोलारबाट पानी तान्न समस्या भएको, स्थानीय अवरोधका कारणले निर्धारित समयमा काम सम्पन्न गर्न नसकिएकोले खानी मिसन जे.भी.ले म्याद थपका लागि दिएको निवेदनअनुसार उक्त दुबै ठेक्काको म्याद थप गर्ने । | |
| ९ | अख्तियारीनामा दिने सम्बन्धी प्रस्ताव | सर्वोच्च अदालतको मुद्दा नं. ०८१-MS-००३९ ज्ञानेन्द्र राज आरण समेत पुनरावेदक वादी र चौरी देउराली गाउँ कार्यपालिकाको कार्यालय दाङखर्क, काभ्रेपलाञ्चोक, बागमती प्रदेश नेपाल समेत प्रत्यार्थी / विपक्षी बनाइ अदालतको अवहेलना मुद्धामा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम पश्चिम कर्णाली प्रदेश नेपालका नगर प्रमुखका नाउँको र चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम पश्चिम, कर्णाली प्रदेश नेपाल नाउँको कानुनबमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेस गर्न अख्तियारनामा दिने । | |
| १० | विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्ताव | १. विजयश्वरी चौरजहारी सुख्खा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले मिति २०८२ जेठ १२ गते पेस गरेको निवेदनअनुसार खानेपानी आयोजना मर्मत सम्भार शीर्षकको रकमबाट मोटर खरिद गरी उपलब्ध गराउने ।<br>२. चौरजहारी नगरपालिका नगर कार्यपालिका र सोअन्तर्गतका निकायहरूमा स्वीकृत दरबन्दी बमोजिम कर्मचारी पदपूर्ति नहुँदा कार्यालयको कार्यबोझका कारण अतिरिक्त समय काम गराउनुपर्ने अवस्था भएमा विद्युतीय हाजिरी प्रणालीबाट प्रमाणित | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | गरी अतिरिक्त काम गरेमा तोकिएबमोजिम खाना / खाजा वापतको रकम उपलब्ध गराउने<br>३. चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट उपभोक्ता समितिमार्फत् कार्यान्वयन हुने आयोजनाहरूको भुक्तानीका क्रममा रु. ३ लाख भन्दा कम रकमका आयोजनाहरूमा धरौटी रकम कट्टी गर्दा थोरै रकमको लागि झन्झटिलो, प्रक्रियामुखी र कार्यालयको कार्यबोझ समेत बढ्ने भएकोले धरौटी वापतको रकम कट्टी नगरेर भुक्तानी गर्ने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

**मिति २०८२/०२/१८ गतेको ४८ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू**

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताव नं. **३ 'मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना संशोधन गरी सिफारिस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगर कार्यपालिकाको मिति २०८२ वैशाख २६ गतेको बैठको निर्णयबाट आर्थिक २०८२/०८३ मा कार्यान्वयन हुनेगरी मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमका लागि योजना छनोट गरी पठाएकोमा कार्यविधिको कार्यक्षेत्रभित्र नपरेको भनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२ जेठ १४ गतेको आयोजना परिमार्जन गरी पठाउने सम्बन्धी सूचनाबमोजिम **अनुसूची- १** मा उल्लेखित आयोजनाहरू संशोधन गरी छनोटका लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'योजना छनोट तथा प्राथमिकताक्रम निर्धारण सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना तथा बजेट तर्जुमाका लागि स्थानीय तहको बजेट दिग्दर्शनले निर्देशन गरेबमोजिम तपसिलबमोजिम वस्ती तथा वडास्तरमा योजना छनोट तथा प्राथमिकीकरण गरी निर्धारित समयभित्र सबै वडा कार्यालयहरूले बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | क्रियाकलाप | मिति |
|---|---|---|
| १ | वडा समितले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती /टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान | २०८२ जेठ १९ गते |
| २ | सबै वडाले वडा भित्रका वस्तीहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सचनामार्फत | २०८२ जेठ १९ गते |
| ३ | वस्ती एवम् टोलस्तरमा पुगेर योजना छनोट गर्ने | २०८२ जेठ २२ देखि २६ गतेसम्म |
| ३ | वस्ती एवम् टोलस्तरबाट प्राप्त योजनाहरूलाई एकीकृत गरी दिग्दर्शनको **अनुसूची-३** बमोजिम योजनाको प्राथमिताक्रम निर्धारण गर्ने | २०८२ जेठ २७ गते |
| ४ | अनुसूची-३ बमोजिम प्राथमिकताक्रममा रहेका योजनाहरूलाई **अनुसूची-४** बमोजिम वर्गीकरण, स्थान, लागत अनुमान, कार्यान्वयन विधि समेत खलाइ बजेट तथा कार्यक्रम तर्जमा समितिमा पठाउने | २०८२ जेठ ३० गतेसम्म |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'चौरजहारी नगरपालिकाको शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रको विद्यालय शिक्षालाई व्यवस्थित र योजनावद्ध बनाइ अपेक्षाकृत विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज.१) र नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) बमोजिम सरोकारवालाहरू सबैको सहभागितामा निर्माण गरिएको 'चौरजहारी नगरपालिकाको आवधिक नगर शिक्षा योजना (२०८१-२०९०)' स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'स्थानीय पाठ्यक्रम परिमार्जन स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम 'हाम्रो चौरजहारी' २०७७ को पहिलो संशोधन र परिमार्जन, २०८२ का लागि सरोकारवाला र विज्ञहरूसँगको छलफल, सुझावपछि तयार गरेको मस्यौदालाई स्वीकृत गरी शैक्षिक सत्र २०८२ बाट कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'पूर्ण खोप सुनिश्चित स्थानीय तह प्रमाणिकरण सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा राष्ट्रिय खोप कार्यक्रमको पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१ (तेस्रो संस्करण, २०७७) बमोजिम यस चौरजहारी नगरपालिका पूर्ण खोपयुक्त नगरपालिका घोषणा भइसकेको र त्यसको दिगोपनको सुनिश्चितताको लागि हरेक वर्ष खोपको अवस्था विश्लेषण गरी पूर्ण खोप सुनिश्चित स्थानीय तह प्रमाणिकरणको लागि जिल्ला खोप समन्वय समिति रुकुम (पश्चिम भाग) लाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**: प्रस्ताव नं. ८ **'ठेक्काको म्याद थप सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७७ /०७८ मा बोलपत्र आह्वान भएको CJM/WORKS/NCB/29/077/078 Construction of 15 Bed Hospital Building at Chaurjahri-09, Rukum (west) निर्माण कार्यका लागि सम्झौता भएको बोलपत्रदाता M/S BKOI-Jaya Bageshowati Mata J/V Bhaktapur बिच निर्माण कार्य सम्पन्न गर्न २०८१ असार मसान्त सम्म म्याद तोकिएकोमा आयोजना जोडने मुख्य सडकमा निर्माणको काम भइरहेको, स्थानीय, सङ्घ र प्रदेश निर्वाचन, कोभिड लगायतका कारणले निर्धारित समयमै काम सम्पन्न गर्न नसकिएकोले म्याद थपका लागि २०८१ असार २ गते बोलपत्रदाता BKOI-Jaya Bageshowati Mata J/V Bhaktapur का कार्यकारी अध्यक्ष यज्ञबहादुर खत्रीले दिएको निवेदनअनुसार खरिद ऐन २०६३ को चौधौं संशोधन र सार्जजनिक खरिद नियमावली, २०६४ बमोजिम २०८३ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो। त्यसैगरी चौरजहारी नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा ठेक्का नं. CJM/WORKS/NCB/28/077/078 बोलपत्र आह्वान भइ खानी मेसिन जे.भी.सँग सम्झौता भएको मालिका पर्यटन पूर्वाधार विकास तथा पदमार्ग निर्माण योजनाको समयमा बजेट निकासा नभएको, रुख कटानको विवादले सोलारबाट पानी तान्न समस्या भएको, स्थानीय अवरोधका कारणले निर्धारित समयमा काम सम्पन्न गर्न नसकिएकोले म्याद थपका लागि खानी मिसन जे.भी.ले म्याद थपका लागि निवेदन पेस गरेबमोजिम उक्त ठेक्काको म्याद २०८२ पुस मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**: प्रस्ताव नं. ९ **'अख्तियारीनामा दिने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सर्वोच्च अदालतको मुद्दा नं. ०८१-MS-००३९ ज्ञानेन्द्र राज आरण समेत पुनरावेदक वादी र चौरी देउराली गाउँ कार्यपालिकाको कार्यालय दाङखर्क,

शिवप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

काभ्रेपलाञ्चोक, बागमती प्रदेश नेपाल समेत प्रत्यार्थी / विपक्षी बनाइ अदालतको अवहेलना मुद्धामा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम पश्चिम कर्णाली प्रदेश नेपालका नगर प्रमुखका नाउँको र चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम पश्चिम, कर्णाली प्रदेश नेपाल नाउँको सूचना म्याद यस चौरजहारी नगरपालिका कार्यालयमा मिति २०८२ जेठ १२ गते बाटाका म्याद बाहेक ७ दिनभित्र आफैं वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत् लिखित जवाफ पेस गर्न म्याद तामेल भएकोले नगर प्रमुख र चौरजहारी नगरपालिका कार्यालय दुबैलाई विपक्षी बनाएको उक्त मुद्धामा चौरजहारी नगर प्रमुख र नगर कार्यपालिकाकोतर्फबाट लिखित जवाफ पेससहितका उक्त मुद्धासँग सम्बन्धित सम्पूर्ण कामकाज गर्न यस चौरजहारी नगरपालिका प्रमुख श्री पुष्प वादीलाई अख्तियारनामा दिने निर्णय गरियो ।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा विजयश्वरी चौरजहारी सुख्खा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले मिति २०८२ जेठ १२ गते पेस गरेको निवेदनअनुसार खानेपानी आयोजना मर्मत सम्भार शीर्षकको रकमबाट मोटर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** : प्रस्ताव नं. १० **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिका र सोअन्तर्गतका निकायहरूमा स्वीकृत दरबन्दी बमोजिम कर्मचारी पदपूर्ति नहुँदा कार्यालयको कार्यबोझका कारण अतिरिक्त समय काम गराउनुपर्ने अवस्था भएमा विद्युतीय हाजिरी प्रणालीबाट प्रमाणित गरी अतिरिक्त काम गरेमा चौरजहारी नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ र नेपाल सरकारको कार्यसञ्चालन निर्देशिका, २०८१ (पाँचौं संस्करण) मा तोकिएबमोजिम खाना / खाजा वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**: प्रस्ताव नं. १० **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट उपभोक्ता समितिमार्फत् कार्यान्वयन हुने आयोजनाहरूको भुक्तानीका क्रममा रु. ३ लाख भन्दा कम रकमका आयोजनाहरूमा धरौटी रकम कट्टी गर्दा थोरै रकमको लागि झञ्झटिलो, प्रक्रियामुखी र कार्यालयको कार्यबोझ समेत बढ्ने भएकोले धरौटी वापतको रकम कट्टी नगरेर भुक्तानी गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## अनुसूची -१

### (निर्णय नं. ३ सँग सम्बन्धित)

### मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०८२/०८३ का लागि संशोधन र प्राथमिकताक्रम तोकिएका योजनाहरू

| क्र.स. | योजनाको नाम | अनुमानित लागत रकम | प्राथमिकताक्रम |
|---|---|---|---|
| वडा नं. ४ | | | |
| १ | रुनढुङ्गा टाकुरा जंगले सिँचाइ कुलो निर्माण | १५०००००  | १ |
| वडा नं. ९ | | | |
| १ | ऐतिहासिक तिरहान्ने ढुङ्गा पर्यटकिय स्थल पूर्वाधार निर्माण योजना, चौरजहारी नगरपालिका वडा नं. ९ | १५०००००  | १ |
| वडा नं. १० | | | |
| १ | सिचाई टेङ्की निर्माण योजना | १५०००००  | १ |
| वडा नं. ११ | | | |
| ११ | सिमलचौर काभ्रीखोला र खलामीरी गैरा सिचाई कुलो निर्माण योजना | १५०००००  | १ |
| वडा नं. १२ | | | |
| १ | दहखोला झाँपे सौर्य खानेपानी निर्माण | १५०००००  | १ |
| वडा नं. १३ | | | |
| १ | बरकाल्ने घुघुतिज्युला चिसापानी सिचाई कुलो निर्माण | १५०००००  | १ |
| वडा नं. १४ | | | |
| १ | पागरगैरा चौफारी ओखरारुख पदमार्ग निर्माण आयोजना चौ.न.पा. १४ | १५०००००  | १ |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख